# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १ गते २०३२ साल

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाही सेनाको ब्यारेकको लागि महाकाली अञ्चल, कञ्चनपुर जिल्ला, महेन्द्रनगर ऐरी पञ्चायत अन्तरगत वडा नं. ८ (ध) मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व उल्टा खामबाट महेन्द्रनगर जाने बाटो, पश्चिम सरकारीया जंगल, उत्तर रामप्रसाद थारूको जग्गा, दक्षिण ब्यारेक यति ४ किल्लाभित्रको कि.नं. २१ बाट ०–११–५, कि. नं. २२ को २–३–७ पूरै र कि. नं. २३ को ०–१९–४ पूरै समेतको जम्मा मालपोत रू. १८८।२० (एकसय अठासी रुपैयाँ बीस पैसा) लागेको जम्मा जग्गा बिगहा ३–१३–१६ (तीन बिगहा तेह्रकट्ठा सोह्र धुर) को कित्ता।

आज्ञाले–

फणीन्द्रराज हमाल

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।